# इलाम नगरपालिका

# इलाम नगरपालिका

# इलाम नगरपालिकाको राजपत्र

**खण्डः ९** **सङ्ख्याः २** **मितिः २०८२/०२/१२**

**भाग २**

इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिकाको शैक्षिक संस्थाका सवारी साधन सम्बन्धी मापदण्ड, २०८२ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**इलाम नगरपालिका**

## शैक्षिक संस्थाका सवारी साधन सम्बन्धी मापदण्ड, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०२/१२

प्रमाणीकरण मितिः २०८२/०२/१२

प्रस्तावनाः

इलाम नगरपालिका क्षेत्रमा शिक्षण संस्थाहरूले विद्यार्थीहरू ओसारपसार गर्ने उद्देश्यले सञ्चालनमा ल्याएका सवारी साधनहरूले दिने यातायात सेवालाई सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, आरामदायी र भरपर्दो बनाउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र १०२ ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिका, नगर कार्यपालिकाबाट यो मापदण्ड पारित गरी कार्यान्वयनमा ल्याइएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस मापदण्डको नाम "शैक्षिक संस्थाका सवारी साधन सम्बन्धी मापदण्ड, २०८२" रहेको छ ।

ख) यो मापदण्ड कार्यपालिकाको वैठकवाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

ग) इलाम नगरपालिकाको क्षेत्रभित्र सञ्चालन हुने सबै शैक्षिक संस्थाका यातायातका साधनहरूमा यो मापदण्ड लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

क) मापदण्ड भन्नाले इलाम नगरपालिकाको "शैक्षिक संस्थाका सवारी साधन सम्बन्धी मापदण्ड, २०८२" लाई सम्झनुपर्दछ ।

ख) कार्यपालिका भन्नाले इलाम नगर कार्यपालिका सम्झनुपर्दछ ।

ग) "विद्यालयको सवारीसाधन" भन्नाले सामुदायिक, संस्थागत, धार्मिक संघसंस्था, ट्रष्ट वा अन्य निकायबाट संचालित शिक्षण संस्थाहरूले विद्यार्थीहरू ओसारपसार गर्न प्रयोगमा ल्याएका आफ्नै वा भाडामा लिई सञ्चालन गरेका सवारी साधनलाई सम्झनुपर्छ । यो शव्दले माइक्रोबस, मिनिबस, भ्यान, समेतलाई जनाउँदछ । यसलाई स्कुल वस नामले समेत चिनिनेछ ।

घ) "विद्यालय" भन्नाले सामुदायिक, संस्थागत, धार्मिक संघसंस्था, ट्रष्ट वा अन्य निकायबाट सञ्चालित शिक्षण सिकाई हुने सबै संस्थाहरूलाई सम्झनुपर्दछ ।

## परिच्छेद २
## शैक्षिक संस्थाका सवारी साधनका न्यूनतम मापदण्डहरू

**३. स्कूल बसको मापदण्ड**

विद्यालयले आफ्ना विद्यार्थीहरूको सुरक्षित किसिमले ओसारपसार गराउन सञ्चालन गर्ने स्कुल वस निम्न अनुसारको मापदण्डको हुनुपर्नेछः-

**१. स्कूल बसको पहिचानः**

(क) स्कूल बसको बाहिरको रंग पहेलो (Golden Yellow) हुनुपर्नेछ ।

(ख) स्कूल बसको अगाडी र पछाडी "School Bus" "स्कुल बस" कालो रंगले लेखिएको हुनुपर्नेछ ।

(ग) यदि बस भाडामा लिएको भए स्कुलको नाम सहित "On School Duty" लेखिएको व्यानर वा बसको अगाडि र पछाडि देखिने गरी "School Bus" "स्कुल बस" लेखिएको प्लेट हुनुपर्नेछ ।

(घ) स्कुलको परिचय खुल्ने गरी १५० मि.मी. उचाइको गोल्डेन ब्राउन रंगमा स्कुलको नाम दुवैपट्टी झ्यालको लेभल भन्दा तल लेख्नुपर्नेछ । साथै स्कुलको ठेगाना र फोन नम्बर पनि उल्लेख हुनुपर्नेछ ।

(ङ) स्कूल बसमा कालो रंगमा बसको अगाडि र पछाडि निम्न "स्कुल बसको चिन्ह" लेखिएको हुनुपर्नेछ ।

**२. स्कुल वसको भौतिक मापदण्डः**

(क) आपतकालीन ढोका (Emergency Exits): सबै स्कुल बसहरूमा पछिल्लो आधा भागको दाहिने तिर (Emergency Exits) को व्यवस्था हुनुपर्नेछ । यसका साथै बसको पछिल्लो भागमा हुने Emergency Exit का लागि Breakable Glass हुनुपर्नेछ । Emergency Exit को तल्लो लेभल बसको भूँई सरहको र माथिल्लो लेभल झ्यालको माथिल्लो लेभल वरावरको हुनुपर्नेछ ।




(ख) सुरक्षा (Security): स्कुल बस चलेको अवस्थामा सम्पूर्ण ढोका तथा Emergency Exit हरू वन्द गर्ने व्यवस्था गरी विद्यार्थीहरूको यात्रालाई सुरक्षित बनाउनुपर्नेछ ।

(ग) झ्यालको ग्रिल: स्कुल बसको झ्यालमा कम्तिमा तीननवटा Horizontal Round Metal/Round Aluminum Tube को ग्रिल स्कुल बसको दुवै साइडमा लगाएको हुनुपर्नेछ ।

(घ) प्राथमिक उपचार बाकस: स्कुल बसमा देखिने ठाँउमा प्राथमिक उपचार बाकस (First Aid Kits) व्यवस्था हुनुपर्नेछ ।

(ङ) अग्नि नियन्त्रण उपकरण: बसमा देखिने ठाँउमा अग्नि नियन्त्रण उपकरण (Fire Extinguisher) राखिएको हुनुपर्नेछ ।

(च) फोहरको व्यवस्थापन: प्रत्येक स्कुल बसमा अनिवार्य रुपमा फोहर फ्याक्ने टोकरी राखिएको हुनुपर्नेछ ।

(छ) बसको ढोकाको चुकुल (Door Lock): बसको ढोकामा भरपर्दो चुकुल हुनुपर्नेछ ।

(ज) बसको प्राविधिक जाँचपास सार्वजनिक सवारी साधन सरहको हुनुपर्नेछ ।

(झ) झ्यालको सिसा: झ्यालको सिसामा कुनै पनि किसिमको रंग लेपन नगरी पारदर्शी हुनुपर्नेछ ।

(ञ) बसको प्रवेशद्वार: स्कुल बसको प्रवेशद्वारको सबैभन्दा तल्लो सिढी जमिन माथि ३०० मि.मि. भन्दा बढी हुनुहुँदैन ।

(ट) बसको सिटहरूको अवस्था: बसको सिटहरूको अवस्था दुरुस्त हुनुपर्ने वा सिटको कुनैपनि भागबाट तिखो धारिलो बस्तु बाहिर निस्किएको हुनुहुदैन ।
(ठ) स्कुल व्याग तखता: स्कुल व्याग सुरक्षित किसिमले राख्नका लागि बस भित्र स्कुल व्याग तखताको व्यवस्था हुनुपर्नेछ ।
(ड) बस सिटको रेखांकन (Layout): सम्पूर्ण सिटहरू अगाडि फर्काएको (Forward Facing) हुनुपर्नेछ । चढ्ने ओर्लने सिढी (Step well) को छेउको सिटको अगाडी उचित किसिमको छेकबारको व्यवस्था हुनुपर्नेछ ।
(ढ) आरक्षण सिट : अपाङ्गता भएका विद्यार्थीहरू चढ्ने बसमा अपाङ्गता मैत्री सिँढी र आरक्षण सिटको व्यवस्था गर्नुपर्नेछ ।
**४. स्कूल बस परिचालक:** स्कुल वसमा परिचालकको व्यवस्था हुनुपर्नेछ ।
**५. सिट संख्या र बसको क्षमता:** स्कुल वसले सिट संख्या अनुसार देहायको संख्यामा विद्यार्थी ओसारपसार गर्न पाउने छन्:-
(क) १२वर्ष भन्दा मुनिका विद्यार्थीलाई बसको सिट क्षमताभन्दा १.५ गुणा विद्यार्थी ओसारपसार गर्न सकिनेछ ।
(ख) १२ बर्ष भन्दा माथिका विद्यार्थीको हकमा सिट क्षमता बराबरको संख्यामा मात्र विद्यार्थी राख्नुपर्नेछ ।
**६. स्कूल बसमा विद्यार्थीहरूको विवरण :**
(क) स्कुल बसमा सवार प्रत्येक विद्यार्थीसँग विद्यालयले जारी गरेको विद्यार्थीको तस्वीर सहितको परिचय पत्र हुनुपर्नेछ ।
(ख) बस चालकले विद्यार्थीहरूको पूर्ण विवरण सहितको सूची राख्नुपर्नेछ ।
(ग) सूचीमा विद्यार्थीको नाम, ठेगाना, कक्षा, रक्त समूह, रोक्नु पर्ने विसौनी उल्लेख हुनुपर्नेछ ।
(घ) बसमा बस सञ्चालनको मार्ग तालिका तथा समय टाँस गरेको हुनुपर्नेछ ।
**७. बसको गति सीमित हुनुपर्ने** : स्कुल बस कुनै पनि किसिमले अधिकतम ४० कि. मि. (चालिस किलोमिटर) प्रतिघण्टा भन्दा बढी गतिमा चलाउन पाईने छैन ।
**८. स्टप चिन्ह ( Stop Sign) :** बसको परिचालकले चाहिएको वेलामा विद्यार्थीहरूलाई ओराल्ने, चढाउने वा बाटो काट्ने प्रयोजनका लागि चाहिने ट्राफिक चिन्ह (Stop Sign) बस भित्र राखिएको हुनुपर्नेछ ।
**९. धुम्रपान तथा मध्यपान गर्न नपाईने :** स्कुल बसमा कसैले पनि धुम्रपान तथा मध्यपान गर्न पाईने छैन ।
**१०. बालश्रम निषेध:** स्कुलबस सञ्चालनार्थ कुनै प्रकारको बालश्रम प्रयोग गर्न पाईने छैन ।
**११. स्कुल बस चालक तथा परिचालक सम्वन्धी व्यवस्था:**
(क) स्कुल बसका चालक तथा परिचालक सम्बन्धी योग्यता वा अन्य मापदण्ड प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
(ख) स्कुल बसका चालक तथा परिचालक सम्वन्धित स्कूलले तोके वमोजिमको पोषाक र परिचय पत्र अनिवार्य लगाउनु पर्नेछ ।

१२. यी मापदण्डका साथै नेपाल सरकार, यातायात व्यवस्था विभागद्वारा जारी स्कुल बस निर्देशिका, २०७४ एवं अन्य प्रचलित स्कुल बस सम्बन्धी ऐन, नियम, निर्देशिका तथा मापदण्डहरू पालना गरेको हुनुपर्नेछ ।

## परिच्छेद ३

## शैक्षिक संस्थाका सवारी साधनलाई बालमैत्री बनाउन सरोकारवालाको दायित्व

### ४. विद्यालयको दायित्वः

(क) अनुभवी चालकको व्यवस्था गर्ने ।

(ख) प्रत्येक विद्यार्थी एवम् चालकलाई जान्ने गरी सामान्य ट्राफिक नियमका बारेमा समय समयमा जानकारी गराउनुपर्नेछ ।

(ग) स्कुल बसको सार्वजनिक सवारी साधन सरह जाँचपास गराउनुपर्नेछ ।

(घ) विद्यालयले भाडाका बस लिँदा नियमित रुट (बाटो) बाहेक सवारी सञ्चालन गर्नु परेमा अनिवार्य रुपमा पटके रुट (बाटो) इजाजत लिएको हुनुपर्नेछ ।

(ङ) विद्यालयले विद्यार्थी ओसार पसारमा प्रयोग हुने प्रत्येक स्कुल बसको यातायात व्यवस्था कार्यालयमा दर्ता गराई अद्यावधिक गराउनुपर्नेछ ।

(च) बसमा बस सेवा सम्बन्धी गुनासो सुन्ने व्यक्तिको नाम र टेलिफोन नम्बर लेखेको हुनुपर्नेछ ।

### ५. सवारी चालकको दायित्वः

(क) सवारी चालक अनुमतिपत्र र सवारी साधनसँग सम्बन्धित सबै किसिमका कागजातहरू (सवारी दर्ता प्रमाणपत्र, इजाजतपत्र, सवारी जाँचपास पत्र लगायत) साथमा राख्नुपर्नेछ ।

(ख) विद्यालयले तोके बमोजिमको पोशाक र परिचय पत्र लगाएको हुनुपर्नेछ ।

(ग) चालकले कुनै पनि अन्य यात्रु, मालसामान र अनावश्यक व्यक्ति बोक्न पाइने छैन ।

(घ) चालकले ट्राफिक नियमको पालना गर्नुपर्नेछ ।

(ङ) सडकमा सवारी चलाउँदा अत्यावश्यक सवारीका साधनलाई प्राथमिकता दिनुपर्नेछ ।

(च) चालकले सदैव एकजना परिचालक साथमै लिई हिड्नुपर्नेछ ।

(छ) चालकले कुनै अभिभावक विद्यार्थी लिन नआएमा विद्यालयको जिम्मा लगाउनुपर्नेछ ।

(ज) सवारी चलाएको अवस्थामा मोवाइल वा इयरफोनको प्रयोग गर्न पाईने छैन ।

(झ) सवारी चलाएको अवस्थामा विद्यार्थी/सहचालकसँग अनावश्यक गफ गर्न पाईने छैन ।

(ञ) कुनै पनि प्रकारको दुर्व्यवहार नगर्ने नगराउने तथा नहुने सुनिश्चितता गर्ने ।

### ६. अभिभावक र विद्यार्थीको दायित्वः

#### १) अभिभावकको दायित्वः

(क) सडक सुरक्षाका लागि अभिभावक र विद्यार्थी दुवैको बराबरी जिम्मेवारी हुनेछ ।

(ख) विद्यार्थीलाई तोकेको बिसौनी र समयमा अभिभावकले पुर्‍याउनु तथा ल्याउनु पर्नेछ ।

(ग) पूर्व प्राथमिक तहका विद्यार्थीहरूको हकमा अभिभावकले वैकल्पिक व्यक्तिलाई विद्यार्थी पुऱ्याउन तथा लिन पठाउँदा परिचय खुल्ने प्रमाण लिएर पठाउनु पर्नेछ ।

(घ) चालकले सवारी नियम तथा यस मापदण्ड विपरीत सवारी चलाएको पाइएमा अभिभावकले तुरुन्त विद्यालय प्रशासन र नजिकको प्रहरीलाई खवर गर्नु पर्नेछ ।

(ङ) अभिभावकले चालकसँग अनावश्यक विषयमा कुरा गर्ने र प्रभावमा पार्नु हुँदैन ।

(च) अभिभावकले अन्य विद्यार्थीलाई प्रभावमा पार्ने, अनावश्यक चासो राख्नु हुँदैन ।

**२) विद्यार्थीको दायित्व :**

(क) आफू यात्रा गर्ने सवारी साधनमा फोहोर नगर्ने, आपसमा मिलेर बस्ने, झ्यालबाट फोहोर नफाल्ने र चालकसँग भद्र व्यवहार गर्ने दायित्व सम्वन्धित विद्यार्थीको हुनेछ ।

(ख) चालकले सवारी नियम उल्लङ्घन गरेको देखेमा तुरुन्त विद्यालय प्रशासन वा नजिकको प्रहरीलाई खवर गर्नुपर्नेछ ।

(ग) ट्राफिक संकेत सम्बन्धी जानकारी राखी सवारी नियम पालना गराउन सम्बन्धित पक्षलाई सचेतना जगाउन मार्गदर्शकको भूमिका निर्वाह गर्ने ।

घ) आफु यात्रा गर्दा कुनै पनि प्रकारको दुर्व्यवहार भएमा विद्यालय, अभिभावक अथवा बालहेल्पलाईन नं.१०९८ मा तुरुन्त जानकारी गराउने ।

## परिच्छेद ४
## विविध

**७. अनुगमन**

यो मापदण्ड पालना गरे नगरेको विषयमा इलाम नगरपालिका, नगर बालअधिकार समिति, वडा बालअधिकार समिति वा वडा कार्यालय वा शिक्षा शाखा वा सम्वन्धित शाखाहरू वा अधिकार प्रत्यायोजन भएका व्यक्तिहरू वा निकायहरूले अनुगमन गर्नेछन् ।

**८. विविध:**

(क) मापदण्ड कार्यान्वयन गर्ने सिलसिलामा कुनै दुविधा देखिएमा कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

(ख) मापदण्डमा भएका व्यवस्थाहरू उल्ङ्घन गरिएको पाईएमा प्रचलित ऐन, नियम अनुसार कार्वाही हुनेछ ।

(ग) इलाम नगरपालिकाले आवश्यकता अनुसार यस मापदण्डमा रहेका प्रावधानहरू संसोधन तथा थपघट गर्न सक्नेछ ।

(घ) यो मापदण्ड अन्य कुनै प्रचलित कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म यो मापदण्डका प्रावधान अमान्य हुनेछन् ।

<u>आज्ञाले</u>

गणेश कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत